# क्व्होलासोंथार गाउँपालिका लमजुङद्वारा चालुआव २०७९/८० को पहिलो चौमासिक अवधिसम्म सञ्चालित कार्यक्रम तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन
## २०७९







**आयोजक**

क्व्होलासोंथार गाउँपालिका, लमजुङ

**प्रतिवेदक**

रेडियो चौतारी ९१.४ मेगाहर्ज, बेसीशहर, लमजुङ

## १. कार्यक्रमको परिचय :

मुलुकमा लोकतान्त्रिक संघीय राज्य व्यवस्थामा गएसँगै नागरिकलाई तहगत प्रणालीबाट सेवाप्रवाह हुँदै आएको छ। ति सबै तहबाट प्रवाहित सेवाका बारेमा हरेक नागरिक जानकार र सुसूचित हुनु जरुरी मानिन्छ । त्यसमा पनि नागरिकका धेरै सवाल र समस्याहरु सँग सरोकार राख्ने नजिकको सरकार स्थानीय तह रेहको छ। तसर्थ, त्यहाँबाट प्रवाह हुने सेवाका बारेमा नागरिकलाई अत्याधिक चासो र जिज्ञासा हुने गर्दछ । नागरिकका तिनै चासो र जिज्ञासा मेटाउँदै उनीहरुलाई सुसूचित र जानकार बनाउन स्थानीय तहबाट बेलाबखत (प्रत्येक चौमासिक अवधिमा) सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था तय गरिएको छ। सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकस्तरबाट मुल्यांकन गराउने तथा सेवा प्रवाहमा सुधार ल्याउनुका साथै थप प्रभावकारी बनाउनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिन्छ ।

सुशासन (सञ्चालन तथा व्यवस्थापक) सम्बन्धि ऐन २०६४ तथा नियमावली २०६५ ले पनि हरेक सार्वजनिक निकायले आफुले सञ्चालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सु सूचित गराउन सार्वजनिक सुनुवाई गर्नुपर्ने वाध्यकारी व्यवस्था गरेको छ । सेवाग्राही अर्थात् नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २९६५ ले गरेको छ । स्थानीय शासन सञ्चालन ऐन २०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण गर्ने व्यवस्था रहेको छ। नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाइ सम्बन्धि कार्यविधि २०७६ तयार गरी कार्यान्वय समेत गर्दै आएको छ।

आफुले प्रवाह गरेको सेवा तथा विकास निर्माणका कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीको गुनासोका बारेमा हाकाहाकी सवालजवाफ गराउनुका साथै सेवाग्राहीका जिज्ञासा मेटाउने उद्देश्यले क्व्होलासोंथार गाउँपालिका ८ साल्मेभञ्ज्याङमा सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो ।

## २. कार्यक्रमको उद्देश्य :

- क्व्होलासोंथार गाउँपालिका तथा वडा कार्यालयहरु बाट सम्पादित काम, कारवाही, सेवाप्रवाह, भौतिक विकासका योजना एवं अन्य विषयगत कार्यक्रम तथा बजेट लगायतका विषयमा सार्वजनिक विषयमा सेवाप्रदायक र सेवाग्राही नागरिक विच अन्र्तकृया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहमा निर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिम प्रति जवाफदेही बनाउने ।

- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागिता वृद्धि गर्ने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी :

**सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था :**

रेडियो चौतारी ९१.४ मेगाहर्ज, बेसीशहर, लमजुङ

**कार्यक्रम आयोजक :**

क्व्होलासोंथार गाउँ कार्यपालिका, लमजुङ

**कार्यक्रम सञ्चालक :**

किसान संगीत नेपाली, अध्यक्ष रेडियो चौतारी

**कार्यक्रम विवरण :**

मिति : २०७९ पुस २४ गते आईतबार
स्थान : क्व्होलासोंथार गापा ८ साल्मेभञ्ज्याङ
समय : दिउँसो ११:३० बजेदेखि अपरान्ह ४: ३० बजेसम्म

## ४. जवाफदेही वक्ताहरु :

- क्व्होलासोंथार गाउँ कार्यपालिका अध्यक्ष सुर्यप्रसाद गुरुङ
- क्व्होलासोंथार गाउँ कार्यपालिका उपाध्यक्ष गमीमाया गुरुङ
- क्व्होलासोंथार गापा प्रमुखप्रशासकीय अधिकृत त्रिलोकचन्द्र गुरुङ
- क्व्होलासोंथार गापा वडा नं ५ का वडाध्यक्ष गितबहादुर गुरुङ
- क्व्होलासोंथार गापा वडा नं ६ का वडाध्यक्ष मनलाल गुरुङ
- क्व्होलासोंथार गापा वडा नं ७ का वडाध्यक्ष लक्ष्मन गुरुङ
- क्व्होलासोंथार गापा वडा नं ८ का वडाध्यक्ष सन्तोष घले
- क्व्होलासोंथार गापा वडा नं ९ का वडाध्यक्ष हुमराज गुरुङ

**शाखा प्रमुखहरु :**

- शिक्षा शाखा प्रमुख : दिपक पौडेल
- स्वास्थ्य शाखा प्रमुख : पशुपति सुनार
- सूचना प्रविधि शाखा प्रमुख : अनिल पौडेल
- कृषि शाखा प्रमुख : श्रीकान्त न्यौपाने
- लेखापाल : कवि रानाभाट

## ५. अतिथि/सञ्चारकर्मी


- नेपाली कांग्रेसका प्रतिनिधि :
- नेकपा एमालेका प्रतिनिधि :
- नेकपा माओवादीका प्रतिनिधि :
- रेडियो चौतारीका अध्यक्ष : किसान संगीत नेपाली

- कान्तिपुर दैनिक प्रतिनिधि : आश गुरुङ
- स्वतन्त्र शक्ति साप्ताहिक प्रकाशक : कृष्णबहादुर आले
- आमा समुहहरुका प्रतिनिधि
- युवा क्लवहरुका प्रतिनिधि

## ६. कार्यक्रमको उपस्थिति विवरण

| दलित | | जनजाति | | ब्राम्हण, क्षेत्री, अन्य | | कूल सहभागी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ११ | ११ | ३३ | ७३ | ४ | १४ | ४८ | ९८ | **१४६** |

सहभागीको विस्तृत विवरण उपस्थिति पुस्तिकाको प्रतिलिपि अनुसूचि.... अनुरुप यहाँसमावेश गरिएको छ ।



Date / /
Page No.

आज मिति २०७९ साल पुष २४ गते आइतवारका दिन यस कोह्रा-लासोथार गाउपालिकाका अध्यक्ष श्री सुर्यप्रसाद गुरुङ ज्युको अध्यक्षतामा आ.व. २०७९/०८० को पहिलो चौमासिकमा आयोजना गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रममा विकास निर्माण, योजना, आयोजना लगायत अन्य विविध गतिविधिहरुको बारेमा कोह्रा-लासोथार गाउपालिका वडा नं. ८ को प्रगतिशिल आमा समूहको भवन साल्मे भञ्ज्याङमा भएको उपस्थिति निम्नानुसार रहेको छ।

उपस्थितिहरु :-

१. श्री सुर्यप्रसाद गुरुङ — अध्यक्ष
२. श्री गमिमाया गुरुङ — उपाध्यक्ष
३. श्री त्रिलोक चन्द्र गुरुङ — प्र.प्र.अ.
४. श्री पेमा गुरुङ — वडा अध्यक्ष १ नं.
५. खुशीमान गुरुङ — " २ नं.
६. श्री आसमेत गुरुङ — " ३ नं.
७. श्री नारायण बहादुर गुरुङ — " ४ नं.
८. श्री मितबहादुर गुरुङ — " ५ नं.
९. श्री भरलाल गुरुङ — " ६ नं.
१०. श्री लक्ष्मण गुरुङ — " ७ नं.
११. श्री सन्तोष घले — " ८ नं.
१२. श्री हुमराज गुरुङ — " ९ नं.
१३. श्री केश कुमारी गुरुङ — कार्यपालिका सदस्य
१४. श्री हेमन्ता गुरुङ — "
१५. श्री खायदेवी गुरुङ — "
१६. श्री गंगा बहादुर घले — "
१७. श्री पुष्पा सुनार — "
१८. श्री फुल बहादुर वि.क. — "
१९. श्री दिपक राज पौडेल — शिक्षाशाखा प्रमुख
२०. श्री पशुपति सुनार — स्वास्थ्य "
२१. श्री कवि रानाभाट — लेखा "
२२. श्री चित्र घले — योजना "
२३. श्री श्रीकान्त न्यौपाने — कृषि "
२४. श्री प्रकाश बोरचन — प्राविधिक "
२५. श्री अनिल पौडेल — सुचना प्रविधि शाखा

| | | |
|---|---|---|
| ५८. | श्री बखत सिं गुरुङ | |
| ५९. | श्री आशिष गुरुङ | |
| ६०. | श्री विकास विश्वकर्मा | |
| ६१. | श्री राम बहादुर गुरुङ | |
| ६२. | श्री डिल बहादुर गुरुङ | वडा सदस्य ४ नं. |
| ६३ | श्री टिक बहादुर गुरुङ | " |
| ६४ | श्री दल बहादुर गुरुङ | " ६ नं. |
| ६५. | श्री सुखदेव बराल | |
| ६६ | श्री भीम बहादुर वि.क. | |
| ६७ | श्री नरेश सेनाम | |
| ६८. | श्री गज बहादुर गुरुङ | |
| ६९ | श्री खेम बहादुर गुरुङ | |
| ७० | श्री मोतिमान गुरुङ | |
| ७१. | श्री शर्मिला गुरुङ | |
| ७२. | श्री उमर जङ गुरुङ | |
| ७३. | श्री सितार गुरुङ | |
| ७४. | श्री लाल बहादुर गुरुङ | |
| ७५. | श्री मनुङ सिं गुरुङ | |
| ७६. | श्री आस बहादुर वि.क. | |
| ७७. | श्री चित्रबहादुर परियार | |
| ७८. | श्री वजिरी गुरुङ | |
| ७९. | भिम राम वि.क. | |
| ८० | युवान सिं सुनार | |
| ८१. | श्री उमर गुरुङ | |
| ८२. | श्री तेज बहादुर गुरुङ | |
| ८३. | श्री आइत कान्छी गुरुङ | |
| ८४. | श्री सानु गुरुङ | |
| ८५. | श्री कुन्ती देवी गुरुङ | |
| ८६. | श्री आइत कुमारी क्षेत्री | |
| ८७. | श्री चन्द्र कुमारी गुरुङ | |
| ८८ | श्री हिता विश्वकर्मा | |
| ८९ | श्री मंगल गुरुङ | |
| ९० | श्री सुकुना गुरुङ | |

| | | |
|---|---|---|
| २५. | श्री रामप्रसाद गुरुङ | पशु सेवा शाखा प्रमुख |
| २६. | श्री करुण विक्रम मल्ल | रोजगार शाखा |
| २७. | श्री ममता गुरुङ | MEDPA शाखा |
| २८. | श्री जित बहादुर राई | प्रशासन " |
| २९. | श्री कल्पना गुरुङ | MIS शाखा |
| ३०. | श्री पर बहादुर गुरुङ | (अतिथि नेपाली कांग्रेस) |
| ३१. | श्री नारायण बहादुर गुरुङ | (" नेकपा एमाले) |
| ३२. | श्री | (" ने.क.पा. माओवादी) |
| ३३. | श्री | (" राष्ट्रिय प्रजातन्त्र पार्टी) |
| ३४. | श्री शान्ति गुरुङ | वडा सदस्य ३ नं. |
| ३५. | श्री पञ्च सुब्बा गुरुङ | " ३ नं. |
| ३६. | श्री आशा गुरुङ | (निर्वतमान अध्यक्ष ने.प. महासंघ) |
| ३७. | श्री किसान संगीत | अध्यक्ष/प्रतिनिधि रेडियो चोलारी |
| ३८. | श्री खमाया गुरुङ | वडा सदस्य ८ नं. |
| ३९. | श्री शिव गुरुङ | " ३ नं. |
| ४०. | श्री प्रेमिला वि.क. | " ३ नं. |
| ४१. | श्री रन सुब्बा गुरुङ | " ८ नं. |
| ४२. | श्री बिजा सार्की | " ८ नं. |
| ४३. | श्री दल बहादुर गुरुङ | " ६ नं. |
| ४४. | श्री राजेन्द्र प्रसाद गुरुङ | " ६ नं. |
| ४५. | श्री बीमाया गुरुङ | " ६ नं. |
| ४६. | श्री धन बहादुर गुरुङ | " ९ नं. |
| ४७. | श्री भरत बहादुर गुरुङ | " ९ नं. |
| ४८. | श्री श्री युवराज तामाङ | प्राविधिक |
| ४९. | श्री शिव कुमार निरौला | " |
| ५०. | श्री राजकुमार केप्ची | वडा सचिव ५ नं. |
| ५१. | श्री पवित्रा विष्ट | " ६ नं. |
| ५२. | श्री तकमा वि.क. | " ३ नं. |
| ५३. | श्री नविन घर्ति मगर | " ८ नं. |
| ५४. | श्री सन्तोष कुमार राय | " ३ नं. |
| ५५. | श्री कोपिला मिजार | वडा सदस्य ४ नं. |
| ५६. | श्री गोपाल गुरुङ | प्रदेश सचिव अध्यक्षको सचिवालय |
| ५७. | श्री मणि प्रसाद गुरुङ | |

८१. श्री ओममाया गुरुङ
८२. श्री रिखमाया [illegible]
८३. श्री स्याउ गुरुङ
८४. श्री बिजुली गुरुङ
८५. श्री शिलु गुरुङ
८६. श्री सुनिता गुरुङ
८७. श्री बिचमाया गुरुङ
८८. श्री चन्द्र प्रसाद बराल
८९. श्री गोमाया गुरुङ
९०. श्री ओमप्रकाश गुरुङ
९१ [illegible]
९२. श्री रत्न बहादुर गुरुङ
९३. श्री नव राज गुरुङ
९४. श्री पुक राम बि.क.
९५. श्री कुमारी राना
९६. श्री बुध कामी गुरुङ
९७ श्री मोया गुरुङ
९८ श्री कल्पना बि.क. — कमला
९९ श्री सिता बि.क.
१००. श्री नन्द कामी गुरुङ
१०१ श्री बिवा नेपाली
१०२ श्री बीरमाया गुरुङ
१०३. श्री बिष्णुमाया थापा
१०४. श्री टिका नेपाली
१०५. श्री देउमाया बराल
१०६. सुबास पौडेल
१०७. सुजल दुवेदी
१०८. श्री लगुता गुरुङ
१०९. श्री भीम प्रसाद गुरुङ
११०. श्री राम बहादुर गुरुङ
१११ - श्री [illegible] बहादुर गुरुङ
११२. श्री प्रेम बहादुर गुरुङ
११३. श्री पूर्ण सिं बि.क.

११४. श्री वीर बहादुर गुरुङ थापा
११५. श्री बल बहादुर तामाङ
११६. श्री उम प्रसाद गुरुङ
११७. श्री ज्योती प्रसाद गुरुङ
११८ श्री रेशम गिरी
११९. श्री टेक बहादुर गुरुङ
१२०. श्री चन्द्र [illegible] गुरुङ
१२१. श्री नर बहादुर गुरुङ
१२२. श्री ओम प्रसाद गुरुङ
१२३. श्री कृतिमान गुरुङ
१२४. श्री खड्गजङ गुरुङ
१२५. श्री तकम बहादुर गुरुङ
१२६. श्री दुर्गा गुरुङ
१२७. श्री धन कुमारी गुरुङ
१२८. श्री जुनी गुरुङ
१२९. बिष्णु बहादुर गुरुङ
१३०. [illegible] प्रसाद ''
१३१. खड्गे ''
१३२. बिना बि.क.
१३३. श्री सरस्वती [illegible]
१३४ श्री प्रतिक्षा पाण्डे
१३५ श्री सिजा गुरुङ
१३६. श्री [illegible] गुरुङ
१३७. श्री कमला [illegible] आले — (सञ्चालक)

**(कूल उपस्थितिमा सहभागी क्रम संख्या १३७ देखिएको भएपनि लेख्ने क्रममा अंक दोहोरिएको हुँदा उपस्थित सहभागी संख्या कूल १४६ जनाको उपस्थिति पुस्तिकामा सुरक्षित उल्लेख छ।)**

## ७. कार्यक्रम सञ्चालन प्रकृया :

### प्रारम्भिक चरण

**क) समन्वय, संवाद र सहकार्य :**

क्होलासोथार गाउँपालिका सँग सार्वजनिक सुनुवाई सञ्चालन गर्ने गराउने र सञ्चालनको जिम्मेवारी रेडियो चौतारीलाई दिने निर्णय भएसँगै यस संस्थाका तर्फबाट गाउँपालिका प्रमुख, उपप्रमुख, प्र.प्र.अधिकृत, वडाध्यक्षहरु, कार्यपालिका सदस्य, शाखा प्रमुख कर्मचारी लगायतका जिम्मेवार व्यक्ति र सरोकारवाला पक्षहरु सँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आवश्यक सम्पर्क, संवाद र सहकार्य गर्दै कार्यक्रमको तयारी गरिएको थियो । सार्वजनिक सुनुवाईका लागि आवश्यक प्रकृया मध्ये केही प्रकृया पुरा गरि कार्यक्रम आयोजना गर्ने सहमति भई २०७९ पुस २४ गते आईतबार मिति तय गरिएको थियो ।

कार्यक्रममा सहभागिताका लागि जनप्रतिनिधि, अतिथि तथा नागरिक प्रतिनिधि लाई गाउँपालिकाबाट आमन्त्रण भएकोमा रेडियो चौतारीका तर्फबाट पनि समन्वय तथा आमन्त्रण भएको थियो । जिल्ला स्थित सञ्चारमाध्यम र कृयाशिल पत्रकारहरु लाई पनि रेडियोका तर्फबाट आमन्त्रण गरिएको थियो ।

**ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :**

स्थानीय तहबाट प्रवाह हुने सेवा तथा कार्यक्रमलाई मार्गनिर्देश गर्न, गराउन र त्यसको प्रभावकारिता बढाउनका लागि विभिन्न ऐन, नियम, कार्यविधिहरु पनि निर्माण भएका छन् । मुख्यतः निम्नानुसारका तिनै कार्यविधिलाई मध्यनजर गर्दै गाउँपालिकाबाट प्रवाहित सेवा, योजना तथा कार्यक्रमहरु माथि अध्ययन गरिएको थियो ।

क) स्थानीय निकाय सार्वजनिक परिक्षण कार्यविधि २०६७

ख) स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७

ग) स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी परिक्षण २०६७

त्यसैगरी, स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, सुशासन नियमावली २०६५, स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि २०६७, सूचनाको हक सम्बन्धी ऐन २०६४, नियमावली २०६५ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ जस्ता विभिन्न ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको सरसर्ती अध्ययन गर्दै कार्यान्वयनमा तिनको उपयोगिता र प्रभावकारितालाई पनि ध्यान दिईएको थियो ।

**ग) बर्हिगमन अभिमत, सन्तुष्टी फारम र सुझाव संकलन :**

सार्वजनिक सुनुवाई सञ्चालनको क्रममा नागरिक वा सेवाग्राहीका तर्फबाट सन्तुष्टी फारम भर्ने, बर्हिगमन अभिमत लिने, सुझाव संकलन गर्ने जस्ता प्रकृया गर्नुपर्ने आवश्यकता रहन्छ । सोही तथ्यलाई मनन् गर्दै कार्यालयमा आएका सेवाग्राही संग भेटेर ति प्रकृयामा सहभागी गराईएको थियो ।

**घ) सार्वजनिक सुनुवाईको प्रचारप्रसार :**

क्होलासोथार गापाबाट चालुआव २०७९/८० को दोस्रो चौमासिक अवधिसम्मको विकास निर्माणका कार्यक्रम तथा योजना र सार्वजनिक सेवाप्रवाहका सम्बन्धमा गरिने

सार्वजनिक सुनुवाईमा नागरिकस्तरबाट यथेष्ट सहभागिता जनाउने उद्देश्यका साथ गापाले उपलब्ध गराएको सूचना जिल्ला स्थित ३ वटा एफएम रेडियो, दैनिक पत्रिका र रेडियो चौतारीको फेसबुक आईडी, फेसबुक पेज र अनलाईन संस्करणबाट समेत सूचना प्रकाशन, प्रसारण गरिएको थियो । गापा कार्यालय, वडा कार्यालय, सरकारी कार्यालय परिसरमा समेत सूचना टाँस गर्ने कार्य गर्न सकेको भए अझैवढी प्रभावकारी हुने थियो ।

## दोस्रो वा कार्यान्वयन चरण

क्व्होलासोथार गाउँपालिकाद्वारा २०७९ पुस २४ गते वडा नं ८ साल्मेभञ्ज्याङमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम गाउँपालिकाका अध्यक्ष सुर्यप्रसाद गुरुङको अध्यक्षतामा गरियो । कार्यक्रमको सुरुवातमा सहभागी अतिथि, सञ्चारकर्मी, नागरिक प्रतिनिधि, कर्मचारी आदिलाई आसन ग्रहण गराईएको थियो । सो पालिका अर्न्तगत विशेषत: मिदिमखोला पारिका वडाहरु वडा नं ५ सिङ्दी, वडा नं ६ पसगाउँ, वडा नं ७ र ८ भोजे र वडा नं ९ गिलुङका नागरिकलाई पायक पर्ने गरी साल्मेभञ्ज्याङमा कार्यक्रम सञ्चालन गरिएको थियो । तसर्थ ति गाउँवस्तीबाट सरोकारवालाहरुको उल्लेख्य सहभागिता रहेको थियो । त्यसका अलवा अन्य वडाका वडाध्यक्ष लगायतका जनप्रतिनिधि र नागरिकको समेत सहभागिता रहेको थियो । कार्यक्रम संयोजक संस्था रेडियो चौतारीका अध्यक्ष समेत रहनु भएका सञ्चारकर्मी किसान संगीत नेपालीले कार्यक्रम सञ्चालन गर्दै सो कार्यक्रमको रुपरेखा, विषयवस्तु र प्रकृयाका बारेमा सहभागीलाई जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष गमीमाया गुरुङले अतिथि एवं सहभागीलाई स्वागत गर्दै गाउँपालिकाबाट विशेषत: न्यायिक समितिले गरेका कार्यक्रम र सेवाका बारेमा जानकारी गराउनु भएको थियो । उपाध्यक्षको संयोजकत्वमा वडा नं ६ का अध्यक्ष मनलाल गुरुङ र वडा नं ५ का सदस्य वर्तामाया घले गरी तीन सदस्यीय न्यायिक समिति गठन भएको छ । सो समितिको एकपटक मात्रै बैठक बसेको छ । हालसम्म न्यायिक समितिमा कुनैपनि उजुरी वा निवेदन नपरेको उपाध्यक्ष गुरुङले जानकारी गराउनु भयो । कसैलाई पिरमर्का परेमा न्यायिक समितिमा उजुरी गर्न आग्रह गर्दै मेलमिलापको नीतिलाई प्राथमिकता दिने उहाँले सेवाग्राहीलाई बताउनु भयो । त्यसैगरी, प्रमुख प्रशासकीय अधिकृत त्रिलोकचन्द्र गुरुङले गापाबाट प्रवाहित सार्वजनिक सेवा, सम्पादन भएका सेवा र कार्यक्रम तथा नागरिकका अन्य सरोकारका बारेमा जानकारी गराउनु भएको थियो । चालुआवको बजेट तथा सो बजेटबाट भएका कार्यक्रम तथा योजनाको अवस्था अर्थात् आयव्यय प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा वडा नं ५ का वडाध्यक्ष गितबहादुर गुरुङ, वडा नं ६ का वडाध्यक्ष मनलाल गुरुङ, वडा नं ७ का वडाध्यक्ष लक्ष्मन गुरुङ, वडा नं ८ का वडाध्यक्ष सन्तोष घले र वडा नं ९ का वडाध्यक्ष हुमराज गुरुङले पालैपालो आफु निर्वाचित भएदेखि हालसम्म आ-आफ्नो वडाबाट समुदायमा गरिएका कार्यक्रम, लागु भएका योजना र सार्वजनिक सेवाका बारेमा जानकारी गराउनु भएको थियो । उहाँहरुले वडामा गरिएका उत्कृष्ट ३ वटा कार्यक्रम तथा योजना र भावी दिनमा गरिने कार्यक्रम तथा योजनाका बारेमा पनि जानकारी गराउनु भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रमको रेडियो चौतारी ९१.४ मेगाहर्ज र रेडियोको फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण पनि गरिएको थियो । गापा अध्यक्ष सुर्यप्रसाद गुरुङले सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य, औचित्य र प्रभावकारिताका बारेमा प्रष्ट पार्दै गाउँपालिकाबाट पहिलो चौमासिक र त्यसपछिको अवधिमा भए, गरेका कार्यक्रम तथा योजना र सेवा प्रवाहका सम्बन्धमा थप पुष्टि गर्दै तिनलाई विस्तृतरुपमा प्रष्ट पार्नु भएको थियो । विषयगत शाखा प्रमुखहरुले पनि आफ्नो शाखाबाट सम्पादित कार्यक्रम तथा योजनाका बारेमा प्रष्ट पार्नुभएको थियो । उहाँहरुले राख्नु भएको विविध जानकारी पछि सहभागी नागरिक प्रतिनिधिहरुबाट जिज्ञासा र भोग्नु परेका समस्याहरु माथि हाकाहाकी सवाल जवाफ गराईएको थियो । सँगसँगै सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुझावहरु पनि संकलन गरिएको थियो । सहभागीका जिज्ञासा र समस्या प्रति गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु र विषयगत शाखा प्रमुखहरुले प्रष्ट पार्नुका साथै आगमी दिनमा अझै राम्रो सेवा दिने प्रतिवद्धता जनाउनु भएको थियो ।

**८. कार्यक्रममा निम्नानुसारका नागरिकका तर्फबाट सवाल र समस्याहरु राखिएको थियो भने ति विषय माथि सम्बन्धित जवाफदेही व्यक्तिबाट जवाफ दिईएको थियो ।**

| क्र.सं. | प्रश्नकर्ताको नाम/ठेगाना | उठाईएका सवाल | जवाफदेही व्यक्ति | जवाफ |
|---|---|---|---|---|
| ०१. | सुनिता गुरुङ<br>वडा नं ९<br>टक्सार<br>आमासमुह प्रतिनिधि | वडा कार्यालयबाट नाता प्रमाणित गराउँदा वडा र गाउँ पालिका कार्यालय दुवै ठाउँबाट सेवा शुल्क लिने गरिएको छ । दोहोरो हुनु भएन । वडा सचिव नभएर स्वास्थ्यका कर्मचारीले काम गरेकाले समस्या भएको छ । वडा सचिव उपलब्ध गराउनु पर्यो । | त्रिलोकचन्द्र गुरुङ<br>प्रप्रअ | दोहोरो सेवाशुल्क नलिने निर्णय भएको छ । वडामा लिएको रसिद गाउँ पालिकामा देखाउनु थप शुल्क तिर्नु पर्दैन ।<br>प्रत्येक वडामा सचिव उपलब्ध हुन नसकेकाले स्वास्थ्य शाखाका स्थायी कर्मचारीलाई खटाईएको हो । तिनको क्षमता अभिवृद्धि गराएर प्रभावकारी सेवा दिनेछौं । |
| ०२. | कमला विक<br>वडा नं ९<br>गिलुङ | दलित समुदायको आमासमुह भवन सानो छ । अलि ठुलो र व्यवस्थित बनाउन गाउँपालिकाबाट सहयोग गर्नुपर्यो । | सुर्यप्रसाद गुरुङ<br>अध्यक्ष | भवनको व्यवस्थापनका लागि आवश्यक योजना बनाएर स्टिमेट तयारी गर्न लगाउनु होला चालु आवको बजेटबाट कति गर्न सकिन्छ हेरौं, नभए आगमी वर्षको योजनामा राखौंला । |
| ०३. | पुकराज विक<br>वडा नं ७<br>कुम्लुङबेसी | दलित समुदायमा निर्मित भवनको छानो ०७८ सालमा हुरीले उडाएको हो, छाउन सकिएको छैन । | सुर्यप्रसाद गुरुङ<br>अध्यक्ष | त्यस विषयमा वडाध्यक्ष सँग सल्लाह गरेर बजेटको व्यवस्था गर्नेछौं । यस विषयमा सुरुवातकै दिन देखि हामीलाई जानकारी |

| | | | | |
|---|---|---|---|---|
| | | जस्तापाता उपलब्ध गराई दिनुपर्यो । | | हुन सकेन, अव जानकारी भयो, के गर्न सकिन्छ गर्नेछौं । |
| ०४. | प्रेमिका विक<br>वडा नं ९<br>गिलुङ | आमासमुह भवन व्यवस्थित गर्नुपर्ने अवस्था छ । गाउँमा सडक निर्माण गर्ने क्रममा दलित वस्तीमा जोखिम बढेको छ । सो समस्या प्रति हामी जनप्रतिनिधिले चासो दिनुपर्ने अवस्था छ । | सुर्यप्रसाद गुरुङ<br>अध्यक्ष | दलित महिला वडा सदस्य का तर्फबाट समस्याको उठान गर्नु भएको छ, यो हामी जनप्रतिनिधिको दायित्व पनि हो । यस विषयमा गाउँपालिकाको बैठकमा छलफल गरेर समस्या समाधानका लागि अघि बढ्नेछौं । |
| ०५. | खिमबहादुर गुरुङ,<br>वडा नं ७<br>तल्लो चरागाउँ | वालुवाबेसी गाउँमा जम्मा ५ घर परिवार रहेका छन् । तिनलाई खानेपानीको धेरै असुविधा छ । टाढाको मुहानबाट पानी ल्याएर उपभोग गर्दै आएको तर धेरै विग्रिने समस्या छ । भीरको बाटो जोखिम मोलेर बनाउन जानु पर्छ ।<br>करेसाबारीमा तरकारी खेती गर्न पाए हरियो सागपात र हिउँदे तरकारी खान पाईन्थ्यो तर पानीको अभावमा त्यो पनि संभव छैन ।<br>खानेपानीको स्थायी समाधान गरिदिए खान र तरकारी बारीमा समेत सो पानी प्रयोग गर्न पाईन्थ्यो । यस विषयमा<br>गाउँपालिकाको ध्यान जानु जरुरी छ ।<br>गाउँ नजिकै करिब ४५ रोपनी धानखेत छ तर भोजेको पहिरोले कुलो बगाए पछि धेरैवर्ष देखि त्यो खेत बाँझै छ । | सुर्यप्रसाद गुरुङ<br>अध्यक्ष | खानेपानीको समस्या समाधान गर्न गाउँपालिका ले काम थालिसकेको छ । मैले पदभार ग्रहण गरेपछिको पहिलो निर्णय नै प्रत्येक घरमा धारा पुर्याउने भन्ने छ । तसर्थ यस विषयमा एक घर, एक धारा कार्यक्रम अर्न्तगत हामी काम गर्नेछौं । खानेपानीको व्यवस्था भए पछि हिउँदे तरकारीमा पनि धेरै मात्रमा पानी प्रयोग गर्न मिल्ने छ ।<br>त्यस्तै, सिंचाईको लागि ठूलो योजना गाउँपालिका बाट सञ्चालन गर्न संभव नहोला त्यसको लागि प्रदेश सरकार सँग आवश्यक पहल र समन्वय गर्नेछौं । |

| | | | | |
|---|---|---|---|---|
| | | सिंचाई को व्यवस्था उपलब्ध गराउन सम्बन्धित निकाय सम्म पहल गरिदिन पनि माग गर्दछौं । | | |
| ०६. | खिमबहादुर विक,<br>वडा ७<br>ईम्दार टोल | गाउँमा आमा समुह भवन निर्माण गरियो तर पानी र बिजुलीको व्यवस्था छैन त्यसको व्यवस्था गरियोस् । गाउँबाट बालुवाबेसी, पसगाउँ, सिङ्दीसम्म जाने सडक निकै अप्ठ्यारो छ, त्यसको स्तरोन्ति गर्न आग्रह छ । सो बाटोमा पर्ने खोलाहरुमा पुल नहुँदा सवारी आवागमनमा समस्या छ । पुल बनाउन पहल गर्नु पर्यो ।<br>विजुलीको बिल भुक्तानी महिनै पिच्छे हुनुपर्नेमा ४।५ महिना मा एकैचोटी मिटर रिडिङ गर्ने गरिन्छ उपभोक्तालाई एकमुष्ट पैसा बुझाउन सकस भई रहेको छ । यस विषयमा ध्यान जाओस् ।<br>स्वाथ्य चौकीमा कुने दिन ३।४ जना कर्मचारी हुन्छन् कहिले कार्यालय सहयोगी मात्रै हुन्छन् । औषधी पनि पर्याप्त मात्रमा छैन यो समस्याको समाधान गरिदिनु पर्यो । | सुर्यप्रसाद गुरुङ<br>अध्यक्ष | आमासमुह भवनमा के के गर्नुपर्ने हो वडाध्यक्ष र सचिवलाई देखाएर योजना बनाएर प्रस्ताव ल्याउनु होला, त्यसलाई व्यवस्थित गरौंला ।<br>सडकको स्तरोन्ति र पुल निर्माणका लागि पुर्व मुख्य मन्त्री एवं वर्तमान संघीय सांसद पृथ्वीसुब्बा गुरुङले पनि निकै चासो दिनु भएको छ । मिदिम र रुदी खोलामा पुल निर्माणको लागि अवश्य पहल गर्नेछौं । सो सडकको कतिपय काम वहुवर्षे योजनामा समेत परेर काम भईरहेको छ ।<br>बिजुलीको सवालमा अव उपभोक्तालाई सहज हुने गरि कामगर्न भन्नेछौं र आवश्यक समन्वय पनि गर्नेछौं ।<br>स्वास्थ्य चौकीमा कर्मचारी अनुपस्थित हुनै हुदैन, त्यस्तो भएको भन्ने गुनासो आयो यस विषयमा स्वास्थ्य शाखा सँग मसिनो गरि स्पष्टीकरण मागेर अघि बढ्नेछौं । |
| ०७. | आशबहादुर विक<br>वडा नं ९<br>गिलुङ | गाउँमा सडक निर्माण गर्दा मेरो घर पहिरो जाने खतरा भयो । | सुर्यप्रसाद गुरुङ<br>अध्यक्ष | सडक निर्माण गर्नुपर्ने त छँदैछ तर त्यसका कारणले उत्पन्न भएको समस्या |

| | | | | |
|---|---|---|---|---|
| | | सँगसँगै सिंगै दलित वस्ती नै जोखिममा परेको छ । गाउँ धराप बनेको छ त्यो समस्याको समाधान गरिदिनु पर्यो । | | समाधान गर्नु पनि हाम्रो दायित्व हो । त्यहाँको अवस्था हेरेर वस्ती जोगाउने कार्यमा लाग्ने छौं । |
| ०८. | **अतिथिका तर्फबाट**<br>नेपाली काँग्रेस गाउँ कार्यसमिति सभापति<br>पसबहादुर गुरुङ | गाउँपालिकामा जनप्रतिनिधि निर्वाचित भएको धेरै लामो समय नभएपनि अहिलेसम्म को कामको गति हेर्दा सन्तोषजनक नै देखिएको छ तसर्थ सबैलाई धन्यवाद व्यक्त गर्दछु ।<br>विशेषगरी, कृषिक्षेत्रको सवालमा स्थानीय कृषकले अनुदानमा पाएको आलुको विउको मुल्य केही बढी नै परेको देखियो त्यसकारण यस विषयमा गाउँपालिकाले गम्भीर भएर सोच्नु पर्ने भएको छ । अन्य विषयमा पनि सेवाग्राही बाट गुनासो आएको हुँदा आगमी दिनमा ति समस्याको समाधान गर्ने तर्फ कार्यपालिका टिम लागोस् भन्ने आग्रह गर्न चाहान्छु । सार्वजनिक सुनुवाई कार्यक्रमले जनप्रतिनिधिलाई जवाफदेही र सेवा प्रवाहमा पारदर्शिता हुने हुँदा बेलाबखत सञ्चालन भईरहोस् भन्ने पनि आग्रह गर्न चाहान्छु । | | |
| ०९. | **अतिथिका तर्फबाट**<br>नेकपा एमाले गाउँ कमिटि अध्यक्ष एवं वडा नं ४ का वडाध्यक्ष<br>नारायण बहादुर गुरुङ | गाउँपालिकाको स्रोत साधान सिमित छ तर नागरिकको माग उच्च छ त्यसकारण प्राथमि कताका आधार मा कार्यक्रम गर्दै जानु पर्ने देखिन्छ । सकेसम्म छिटो, छरितो र भरपर्दो सेवा दिन लागि पर्नु पर्नेछ । सेवाग्राहीले उठाएका सवालमा गम्भीरताका साथ समाधान गर्न अध्यक्ष, उपाध्यक्ष र कर्मचारी मित्रहरुमा आग्रह गर्न चाहान्छु ।<br>साथै, सार्वजनिक सुनुवाई कार्यक्रम बेलाबखत सञ्चालन भईरहोस् भन्ने पनि आग्रह गर्न चाहान्छु । | | |
| सार्वजनिक सवालमा उठेका सबै विषयवस्तु माथि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु र शाखा प्रमुखहरुले पनि आ आफ्नो विषयमा सहभागीलाई स्पष्ट पार्ने काम भयो । | | | | |

## ९. सार्वजनिक प्रतिवद्धता :

सार्वजनिक सुनुवाईमा गापा प्रमुख, उपप्रमुख, प्रप्रअ, वडाध्यक्ष, कर्मचारी लगायतले आगमी दिनमा सेवा प्रवाह, कार्यक्रम तथा योजना कार्यान्वयन गर्ने मौखिक प्रतिवद्धता जनाउनु भयो ।

## १०. कार्यक्रमको सवल पक्षहरु :

- गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, सञ्चारकर्मी तथा समुदायस्तरका नागरिकको उल्लेख्य सहभागिता गराईएको ।
- गाउँपालिकाको भौतिक र वित्तिय प्रगति समुदायमा जानकारी गराउन सफल भएको ।
- सहभागीहरुबाट उठाईएका विभिन्न विषयका सवाल र समस्याहरु माथि जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो गरी प्रष्ट पारिएको ।
- सहभागी सेवाग्राही तथा अतिथिहरुबाट सकरात्मक सुझाव प्राप्त गरिएको ।

- तेस्रो पक्षबाट सार्वजनिक सुनुवाई कार्यक्रमको संयोजन तथा सहजीकरण गराईएको ।
- सार्वजनिक सुनुवाई सञ्चालनर्का विषयमा रेडियो, पत्रपत्रिका, संस्थाका आधिकारिक आईडीको सामाजिक सञ्जाल, गाउँपालिका कार्यालय, वडा कार्यालय परिसरमा सूचना टाँस जस्ता गतिविधिबाट प्रचारप्रसार गरिएको ।
- कार्यक्रमको रेडियो तरंग र फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण गरिएको ।

## ११. सुधार गर्नुपर्ने पक्षहरु :

- पर्याप्त मात्रमा सेवाग्राहीको सन्तुष्टी मापन गर्न, वर्हिगमन अभिमत वा नागरिक अभिमत संकलन गरेर त्यसमाथि मिहिन विश्लेषण गरी सार्वजनिक सुनुवाई गर्नुपर्ने ।
- कार्यक्रम हुने मिति अघि प्रचारप्रसार पर्याप्त गर्न समयावधि लामो राखेर धेरै भन्दा धेरै नागरिकलाई कार्यक्रमका बारेमा जानकारी गराउनु पर्ने ।
- सार्वजनिक सुनुवाईमा सबै वडाका अध्यक्षहरु, कार्यपालिका सदस्य र अन्य वडासदस्यहरुलाई समेत सहभागिता गराउनु पर्ने ।
- वडास्तरमा सार्वजनिक सुनुवाईकै स्वरुपमा कार्यक्रम गर्दै वास्तवमा सार्वजनिक सुनुवाईको महत्व बुझाउनु पर्ने ।
- औपचारिकताका लागि भन्दा गापाको दायित्व मानेर आवधिकरुपमा सार्वजनिक सुनुवाई गरिरहनु पर्ने ।
- सरोकारवाला र सहभागीलाई समयमै कार्यक्रममा सहभागी गराउनु पर्ने ।
- निर्धारित समयावधिमा समय व्यवस्थापन गर्दै बहस, अर्न्तकृया वा सवाल जवाफ गराउनु पर्ने ।

## १२. समस्याहरु :

- समयमै कार्यक्रम सुरु गर्न नसकिएको ।
- समय व्यवस्थापन गर्न नसकिएको ।
- पर्याप्त मात्रमा सेवाग्राहीको सन्तुष्टी मापन गर्न, वर्हिगमन अभिमत वा नागरिक अभिमत संकलन गर्न नसकिएको ।
- टाढा टाढाबाट सरोकारवाला र सरोकारवालाहरु आउनु पर्ने भएकाले धेरैबेर कार्यक्रम सञ्चालन गर्न नसकिएको ।
- पर्याप्त मात्रमा सेवाग्राही सँग अभिमत लिन नसकिएको ।

## १३. निष्कर्ष :

गाउँपालिकाको काम, कारवाही, सेवा प्रवाह, कार्यक्रम तथा योजना र बजेट जस्ता आम नागरिकका चासोका विषयमा सेवा प्रदायक र सेवाग्राही विच हाक्काहाक्की सवालजवाफ गराउने उद्देश्यले आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम प्रभावकारी

रह्यो । सो अवसरमा नागरिकहरुले सडक, नाली, बाटोघाटो, सामुदायिक भवन जस्ता भौतिक विकास निर्माण सँगै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पशुपंक्षी, खेलकुद, वातावरण तथा पर्यावरण, सुशासन, ढिलासुस्ती, स्वास्थ्य विमा लगायतका विषयमा उच्च चासोका साथ प्रश्नहरु उठाए । योजना निर्माण, अनुदान, जनप्रतिनिधिको काम गर्ने तौरतरिका र अभ्यासका सवालमा पनि चासो व्यक्त गरे । साथै तिनै विषयमा सकरात्मक र रचनात्मक सुझावहरु पनि पेश गरे ।

कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी आदिले नागरिकहरुले उठाएका जिज्ञासाहरु माथि चित्त बुझ्दो जवाफ दिनुका साथै कमीकमजोरीको अनुभूति समेत गरे । स्थानीय राजनीतिक दलका प्रतिनिधिले उठेका थुप्रै विषयमा प्रष्ट पार्दै समस्या समाधान गर्न र प्रभावकारिता वृद्धि गर्न समेत सुझाव दिए । गाउँपालिकाबाट सम्पादन हुने काम, कारवाही र सेवालाई चुस्त दुरुस्त र व्यवस्थित बनाउने तर्फ थोरैमात्रै ध्यान दिएको खण्डमा आगमी दिनमा धेरै विषयमा सवाल नउठ्ने देखिन्छ । त्यसले पालिकाको कार्यसम्पादन, सेवाप्रवाह, कार्यक्रम तथा योजना कार्यान्वयनमा समेत सकरात्मक सुधार हुने सुनिश्चित छ । कार्यविधिले तय गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माण तथा सेवाप्रवाह र कार्य सम्पादनमा पारदर्शिता र जवाफदेहिता पनि वृद्धि हुनेछ ।

## अनुसूची १

## तस्वीरमा सार्वजनिक सुनुवाई कार्यक्रमका




सार्वजनिक सुनुवाईमा विषयवस्तु प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष सुर्यप्रसाद गुरुङ




न्यायिक सेवाका बारेमा, जानकारी गराउँदै उपाध्यक्ष गमीमाया गुरुङ




गापाबाट प्रवाहित सेवा, कार्यक्रम र योजनाबारे जानकारी गराउँदै प्रप्रअ त्रिलोकचन्द्र गुरुङ



सार्वजनिक सुनुवाईमा विभिन्न वडाबाट सहभागी सेवाग्राही




सार्वजनिक सुनुवाईमा सहभागी अतिथि एवं वडाध्यक्षहरु



सार्वजनिक सुनुवाईमा विभिन्न वडाबाट सहभागी सेवाग्राही



सार्वजनिक सुनुवाईमा सहभागी वडाध्यक्षहरु



सार्वजनिक सुनुवाईमा सहभागी कर्मचारीहरु



सार्वजनिक सुनुवाईमा सहभागी कर्मचारीहरु



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सेवाग्राही सुनिता गुरुङ



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सेवाग्राही आशबहादुर विक



सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सेवाग्राही पुकराज विक



सार्वजनिक सुनुवाई कार्यक्रम सहजीकरण गर्दै सञ्चारकर्मी किसान संगीत नेपाली

अन्त्यमा, गाउँपालिका अध्यक्ष सुर्यप्रसाद गुरुङले छुटेका विषयवस्तु माथि थप प्रकाश पार्दै कार्यक्रमको समापन गर्नुभयो ।

**सहभागी, अतिथि र जनप्रतिनिधि बिच खाजा खाने कार्यक्रम सँगै विदावादी भएर गन्तव्य तर्फ लाग्ने काम भयो ।**

**समाप्त ।**